# बिश्रामपुर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बिश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल

प.स.:-२०८३/८४
च.न. (सूचना)

मिति -२०८३/०४/२८

सूचना ! सूचना !! सूचना !!!

**निःशुल्क लोक सेवा तयारी कक्षा संचालन सम्वन्धमा ।**

**प्रथम पटक प्रकाशित मिति २०८३/ ०४/२८**

प्रस्तुत विषयमा यस विश्रामपुर गाउँपालिका अन्तर्गत आ.ब.२०८३/८४ तर्फ स्वीकृत कार्यक्रम अनुसार गाउँपालिका स्तरबाट लोक सेवा तयारी कक्षा संचालन कार्यक्रम अन्तर्गत तपशिल अनुसारको पद/सेवाको लागि निशुल्क कक्षा संचालन कार्यक्रम रहेको हुनाले उक्त तयारी कक्षामा सहभागी हुन ईच्छुक आवश्यक न्युनतम योग्यता पुगेका नेपाली नागरिकहरुले तपशिलमा उल्लेखित कागजात सहित सहभागी हुन चाहेको पद र सेवा समेत उल्लेख गरी मिति २०८३/०५/१२ गते भित्रमा निःशुल्क दरखास्त फारमको लागि शिक्षा युवा तथा खेलकुद शाखामा सम्पर्क गरी आवेदन पेश गर्नुहुन सम्वन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| क्र.स | पद |
|---|---|
| १. | खरिदार वा सो सरह |
| २. | नायब सुब्बा वा सो सरह |

**आवश्यक न्युनतम योग्यता**

१. खरिदार वा सो सरहको लागि १८ बर्ष उमेर पुरा भई ३५ बर्ष ननाघेको र कम्तिमा SLC/SEE उतिर्ण भएको हुनुपर्ने
२. नायव सुव्बा वा सो सरहको लागि १८ बर्ष पुरा भई ३५ वर्ष ननाघेको र कम्तिमा प्रविणता प्रमाण पत्रतह(+२)उतिर्ण भएको हुनुपर्ने ।
३. विश्रामपुर गाउँपालिका भित्रको स्थायी वासिन्दा हुनुपर्ने ।
४. आवेदक मध्य छनौट भएका व्यक्तिहरुलाई मात्र तयारी कक्षामा समावेश गरिनेछ ।
५. महिला ,आदिवासी ,जनजाती ,दलित ,गरिव तथा जेहेन्दार बिद्यार्थी ,शारीरिक अशक्तता भएका व्यक्तिहरु समेत सहभागी हुने गरी प्राथमिकता निर्धारण गरिनेछ ।

**निवेदनको साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु**

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ थान
२. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति
३. न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान

पुनश्च - आवेदन फारम गाउँपालिकाको वेव साइट www.bishrampurmun.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

महेश रिमाल
शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख
**महेश रिमाल**
**शिक्षा अधिकृतस्तर आठौं**

बोधार्थः-
श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु, विश्रामपुर गाउँपालिका,विश्रामपुर बारा

Scanned with CamScanner